# कैलाश राजपत्र


## कैलाश गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः७) मकवानपुर, असार १० गते, २०८२ साल (संख्याः४**


# भाग - १

स्थानीय सरकार

कालिकाटार, मकवानपुर, बागमती प्रदेश, नेपाल

**विनियोजन ऐन, २०८२**

कैलाश गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**प्रस्तावना,**

कैलाश गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम कैलाश गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम तथा प्रारम्भ**: (१) यस ऐन को नाम "कैलाश गाउँपालिका को विनियोजन ऐन २०८२" रहेको छ।

(२) यो ऐन २०८२ श्रावण १ गते देखि प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८२/०८३ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८२/०८३ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनूसुची-१ मा उल्लिखित चालुखर्च र पूँजीगत खर्च समेत गरी जम्मा रकम रु ५३,८६,२०,१००/- (अक्षेरुपी त्रिपन्न करोड छयासी लाख बिस हजार एक सय रुपैया मात्र) मा नवढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजन**: (१) यस ऐन द्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/०८३ को निमित्त कैलाश गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र वियगत शाखाले गर्ने सेवा र कार्यहरुकको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १५ प्रतिशतमा नबढने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिन्छ।

तर पूँजीगत शीर्षकबाट चालु खर्च शीर्षकमा रकम सार्न सकिनेछैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनुपर्ने वा गाउँसभाबाट अनुमोदन गराउनु पर्नेछ।

## अनुसूची - १

### (दफा २ सँग सम्बन्धित)

### नेपालको संविधानको धारा २२९ (२) बमोजिम

### संञ्चितकोषबाट विनियोजन हुने रकम

| क्र.स. | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | जम्मा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १,२५,९७,०००/- | १,५१,६७,०००/- | २,७७,६४,०००/- |
| २ | सामाजिक विकास | २१,१६,१४,०००/- | २,३३,५०,०००/- | २३,४९,६४,०००/- |
| ३ | पूर्वाधार विकास | | १६,४४,००,०००/- | १६,४४,००,०००/- |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ७०,९२,१००/- | २२,००,०००/- | ९२,९२,१००/- |
| ५ | वातावरण तथा विपद् | | ४३,००,०००/- | ४३,००,०००/- |
| ७ | गाउँपालिका प्रशासनिक खर्च | ९,६९,००,०००/- | १०,००,०००/- | ९,७९,००,०००/- |
| | **कुल जम्मा** | ३२,८२,०३,१००/- | २१,०४,१७,०००/- | ५३,८६,२०,१००/- |
| | **प्रतिशत** | ६०.९% | ३९.१% | १००% |

प्रमाणिकरण मितिः २०८२ असार १०

आज्ञाले

अमुल श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत